NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड
("A" class commercial bank licensed by Nepal Rastra Bank.)

Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal
2017, 2018, 2020 & 2021

च.नं. : एनएमबि/०८१/८२/२३१

मिति : २०८१/०९/०१

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरवार प्लाजा, काठमाडौं ।

**बिषय : वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०८१/०८/२८ गते शुक्रबार दिनको २:०० बजे बसेको सञ्चालक समितिको ४७९औं बैठकबाट बैंकको आर्थिक वर्ष २०८०/०८१ को २९औं वार्षिक साधारण सभा मिति २०८१/०९/२५ गते गर्ने र वार्षिक साधारण सभाको प्रयोजनका लागि बैंकको शेयर दाखिल खारेज कार्य मिति २०८१/०९/११ गते एक दिन बन्द गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं । साथै, वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

नगद लाभांश तथा बोनस शेयर : नभएको ।

शेयर दाखिल खारेज बन्द मिति ( Book closure Date) : २०८१/०९/११

हालको चुक्ता पूँजी : रु. १८,३६,६७,०५,९५९/२४

वार्षिक साधारण सभाको मिति : मिति २०८१ पौष २५ गते, बिहीबार ।

भवदीय,

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

..........................
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

**बोधार्थ :**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

२) श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार ।

३) श्री बैंक सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, दरबारमार्ग ।

४) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि., पुतलीसडक ।

५) श्री एनएमबि क्यापिटल लि., बालुवाटार ।

**NMB Bank Limited**
Babarmahal, Kathmandu, Nepal
Tel: 977 1 4246160 | Fax: 977 1 4246156
Website : www.nmbbanknepal.com
swiftcode: NMBBNPKA
**Kuala Lumpur Representative Office**
NMB Bank Limited
Wisma Straits Trading 1-10, 2 Leboh Pasar Besar 50500,
Wilayah Persekutuan, Kuala Lumpur, Malaysia

A joint venture with FMO
Member of : Global Alliance for Banking on Values
TÜVRheinland

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व.२०८०/०८१ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स पूनः नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १००।- का दरले रु.३ अर्व बराबरको "एनएमबि ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको पुँजी बृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) रहेकोमा सोलाई बृद्धि गरि रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पुँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) लाई बृद्धि गरि रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. बैंकको प्रबन्धपत्रको दफा ५(कक)(८), ५(कक)(९), ६(क), ६(ख), ६(ग), ७ र ८(झ) तथा नियमावलीको नियम ७, ८, ९, २५(२), २५(३) र २८ मा आवश्यक थप/संशोधन गर्ने ।

५. बैंकको प्रवन्धपत्र तथा नियमावलीको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नका लागि कुनै थप संशोधन आवश्यक भएमा सो समेत गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड